# उत्पादकीय वस्तुको डिजाइन

अशोकमान सिं


## लेखसार

*उपभोग्य सामान वा वस्तुलाई मोडेर बट्टाभित्र राख्नका लागि आकर्षक एवम् कलात्मक ढङ्गबाट तयार पारिने डिजाइनलाई 'प्याकेजिङ डिजाइन' (packaging design) भनिन्छ । प्याकेजिङ डिजाइनको ऐतिहासिक पृष्ठभूमि तथा नेपालमा यसको विकासक्रमबारे खोतल्नु प्रस्तुत लेखको उद्देश्य रहेको छ । प्याकेजिङ डिजाइनरका रूपमा लेखकको लामो अनुभव र सम्बन्धित व्यक्तिहरूसँगका कुराकानीमा यो लेख आधारित छ ।*


## परिभाषा

व्यावसायिक रूपमा उत्पादन गरिने कुनै पनि उपभोग्य सामान वा वस्तुलाई उत्पादकीय वस्तु मानिन्छ । त्यो उत्पादकीय सामान वा वस्तुलाई बजारमा पुऱ्याउन, लामो समयसम्म भण्डारन गरी राख्न, सुरक्षित तथा टिकाउ अवस्थामा राख्नका लागि त्यसलाई मोडेर बट्टाभित्र राख्ने प्रविधिलाई 'प्याकेजिङ' (packaging) भन्ने गरिन्छ । प्याकेजिङ गर्ने प्रविधिको निर्माण प्रक्रियादेखि लिएर त्यस वस्तुलाई आकर्षक एवम् कलात्मक ढङ्गबाट तयार पारिने डिजाइनलाई 'प्याकेजिङ डिजाइन' (packaging design) भनिन्छ।

## सिद्धान्त

प्याकेजिङ डिजाइनको मूल सिद्धान्त भनेको कुनै पनि उपभोग्य सामान वा वस्तुलाई सुरक्षित अवस्थामा राख्नुका अतिरिक्त सो उत्पादकीय वस्तुलाई प्रयोग गरिने प्रविधिलाई डिजाइनको प्रक्रियासँग सम्बद्ध राख्नु अथवा डिजाइनका माध्यमबाट जनसमक्ष पेस गर्नु हो ।

## इतिहास

प्याकेजिङ गर्ने प्रथाको सुरुआत करिब १०३५ इस्वी संवत्पूर्व इजिप्टको कायरोमा भएको मानिन्छ । त्यसताका पानी जहाजबाट पर्सियाको लामो यात्रा गरिरहेका यात्रीहरूलाई खाने कुरा बिक्री वितरण गर्दा कागजमा मोडेर दिइएको थियो । यहींदेखि प्याकेजिङ गरेर बिक्री गर्ने परिपाटी आरम्भ भएको मानिन्छ।

प्याकेजिङ गर्ने प्रथाको थालनी भएपश्चात् समाजमा यसले महत्त्व पाउन थाल्यो । अठारौँ शताब्दीदेखि यसले व्यापकता पाउन थालेको मानिन्छ । सन् १७२५ मा टिनको सानो बाकसको प्याकेजिङ बक्स बनाई ब्रिस्टल च्यानल (Bristol Channel) को बन्दरगाहबाट पहिलो पटक बिक्री वितरणका लागि ढुवानी गरिएको थियो । टिन तथा धातुको प्याकेजिङ बक्सको

प्रयोग गर्नुपूर्व सोह्रौँ शताब्दीमा कागजद्वारा प्याकेजिङ गर्ने प्रयोग भइसकेको थियो । आधुनिक प्रविधिबाट कागजलाई फोल्डिङ गर्ने प्रचलन भने सन् १८३९ पछिमात्र देखापरेको थियो । कागजको प्याकेजिङ बक्समा फोल्ड गर्ने पद्धतिको विकास सन् १८१७ देखि इङ्ग्ल्यान्डमा सुरू भएको थियो ।

बिसौँ शताब्दीदेखि उत्पादकीय सामानको प्याकेजिङ गर्ने र उक्त प्याकेजिङका लागि डिजाइन बनाउने प्रचलनले तीव्रता पाएको थियो । सन् १९५० का दशकको सुरूआतका वर्षदेखि उत्पादकीय वस्तुका लागि प्याकेजिङलाई अनिवार्य आवश्यकताका रूपमा लिन थालिएको थियो । यसको लगत्तै विश्व बजारमा प्याकेजिङ व्यवसाय द्रुत गतिमा मौलाउन थाल्यो । कागजका अतिरिक्त प्लाास्टिक, अल्म्युनियम (सिलेभर) आदि पदार्थहरू पनि प्याकेजिङका लागि प्रभावकारी रूपबाट प्रयोग गर्न थालिए । सन् १९५२ देखि अमेरिकाको मिचिगन स्टेट युनिभर्सिटी (Michigan State University) ले प्याकेजिङ डिजाइनको डिग्री कोर्स नै सुरू गरेको थियो । यस अर्थले प्याकेजिङ इन्जिनियरिङको पठनपाठनको थालनी गर्ने विश्वको पहिलो विश्वविद्यालय मिचिगन स्टेट युनिभर्सिटी हो ।

आजको एकाइसौँ शताब्दीमा उद्योग व्यापार जगत्मा विद्यमान प्रतिस्पर्धा, गुणस्तरप्रतिको सचेतना, उपभोग्य वस्तुको विश्वसनीयता आदिका परिप्रेक्ष्यमा डिजाइनको महत्त्व झनै बढेको छ। उत्पादित वस्तुको स्तर मापन गर्ने क्रममा त्यसको प्याकेजिङको डिजाइन र स्तर,




त्यसमा प्रयुक्त सामग्री, छपाइ स्तर आदि सम्पूर्ण पक्षलाई दृष्टिगत गरिन्छ ।

### प्याकेजिङ डिजाइनमा नेपालको इतिहास

नेपालमा प्याकेजिङ डिजाइनको सुरूआत कहिले भएको थियो भन्नेबारे कुनै प्रमाणित तथ्य उपलब्ध छैन । अपितु उत्पादकीय वस्तु उत्पादन गर्ने व्यवसायको थालनी सन् १९५० का दशकदेखि मात्र भएको बुझिन्छ । त्यसताका उपभोग्य वस्तुको उत्पादन फाट्ट फुट्ट रूपमा भए तापनि प्याकेजिङ गर्ने चलन त्यति प्रचलनमा आइसकेको थिएन । साबुन जस्ता उपभोग्य वस्तुहरु उत्पादन गरिन्थे तर तिनलाई बिक्री वितरणका लागि प्याकेजिङ गर्ने प्रचलन भने थिएन । भारतबाट र्‍यापिङ तथा प्याकेजिङ गरिएका सामानहरु आउन थालेपछि नेपालमा पनि उत्पादित सामानमा र्‍यापिङ गर्ने प्रचलन चल्न थालेको थियो । सन् १९५० मा उत्पादित 'तिलक' नामको लुगा धुने साबुनलाई र्‍यापिङ गरी बजारमा ल्याइएको थियो । राजा महेन्द्रले त्यस साबुन कम्पनीको उत्पादन प्रक्रियाको अवलोकन गरेका

थिए । उक्त साबुनले निरन्तरता लिन नसकेपछि 'हिरा साबुन' का नामले अर्को साबुन उद्योग देखापरेको थियो । यस साबुनले निकै बजार लिएको थियो । केही समयपछि आएको 'पूजा साबुन' निकै लोकप्रिय रहेको थियो । यस पङ्क्तिकारले सन् १९७५ मा हिरा साबुनको र सन् १९८१ मा पूजा साबुनको प्याकेट डिजाइन बनाएको थियो ।

लेटरप्रेसमा काठ अथवा जिङ्क ब्लकद्वारा छापिने त्यस बेलाका र्‍यापर अहिलेका तुलनामा उत्कृष्ट भने देखिँदैनथे । राम्रो छपाइका लागि भारतमा पठाउनुपर्ने बाध्यता थियो । छपाइ प्रविधिको विकास नभइसकेको त्यसबेलाको अवस्थामा डिजाइनको महत्त्व बुझ्नेको सङ्ख्या पनि निकै थोरै थियो । नेपालमा उपभोग्य वस्तुको उत्पादनका लागि धेरै सङ्ख्यामा उद्योगहरू स्थापना भएका जिल्लाहरु सुनसरी र मोरङ हुन् । त्यहाँ चालिस ओटाभन्दा बढी उद्योगहरू स्थापना भएका थिए । तीमध्ये हाल अधिकांश उद्योगहरू प्रायः बन्द अवस्थामा छन् । सन् १९५४ मा स्थापना भएको विराटनगर औद्योगिक क्षेत्रमा अनेक प्रकाका उपोभोग्य वस्तुहरु उत्पादन गन्थि । ती उत्पादित सामग्रीका लागि प्रायः सबै प्याकेजिङ, र्‍यापर तथा लेबल डिजाइन एवम् छपाइ भारतमा हुन्थे । हालसम्म निरन्तर रूपमा त्यहाँ उत्पादन भइरहेका अधिकांश बिस्कुट, दन्तमन्जन, साबुन जस्ता वस्तुहरूको प्याकेजिङ र र्‍यापिङको उत्कृष्ट छपाइ भने विराटनगर र सुनसरीमा नै हुने गरेका छन् । सन् १९९६४ मा स्थापित जनकपुर चुरोट कारखानालाई नेपालको औद्योगिक इतिहासमा ठुलो कारखानाका रूपमा लिइन्छ । यस कारखानाले 'आशा', 'ज्वाला', 'गैँडा', 'याक' जस्ता निकै लोकप्रिय चुरोटहरूको उत्पादन गर्ने गरेका थिए । ती सबैको प्याकेजिङ डिजाइन र छपाइ पनि भारतमै हुन्थे । त्यसपछिको चुरोट उत्पादनमा सूर्य नेपाल प्रा. लि. को नाम आउँछ । यो कम्पनी सन् १९८६ मा स्थापना भएको थियो । यसले 'सूर्य', 'खुकुरी', 'शिखर', 'पाइलट', 'बिजुली' र 'चौतारी' नामका चुरोट उत्पादन गर्छ । नेपालमा प्राविधिक उत्कृष्टताको अभावले गर्दा ती चुरोटका प्याकेजिङ बक्स पनि प्रायः विदेशबाट नै बनाएर ल्याउने गरिन्छ ।

काठमाडौं उपत्यकाको बालाजुमा स्थापित 'बालाजु औद्योगिक क्षेत्र' सन् १९६३ मा स्थापना भएको थियो । त्यसै औद्योगिक क्षेत्रभित्र सन् १९६६ मा राजा महेन्द्रद्वारा स्थापित 'नेबिको बिस्कुट' नेपालको पहिलो बिस्कुट उद्योगका रूपमा चिनिन्छ । उक्त उद्योगका बिस्कुटहरूको र्‍यापरको छपाइ पनि भारतबाटै गरेर ल्याइन्थ्यो । सन् १९८५ मा चौधरी ग्रुपले 'वाइवाइ चाउचाउ' को उत्पादन









सुरू गरेको थियो । उक्त चाउचाउको पहिलो र्‍यापर डिजाइन यस पङ्क्तिकारले गरेको थियो ।

नेपालमा इनामेल रङको उत्पादन गर्ने पहिलो उद्योगमा पशुपति पेन्टस्को नाम अगाडि आउँछ । यस उद्योगको स्थापना सन् १९८४ मा भएको थियो । त्यस्तै, नेपालको औद्योगिक इतिहासमा नुहाउने साबुन 'मायालु', 'एभरेस्ट टुथपेस्ट', 'ब्राइटर टुथपेस्ट', 'स्माइल टुथपेस्ट' आदि दैनिक उपभोग्य उत्पादनहरू पनि बजारमा देखापरे । ब्राइटर टुथपेस्टले आजसम्म निरन्तर बजार लिइरहेको छ । हाल उक्त टुथपेस्टको प्याकेजिङ डिजाइन र छपाइ नेपालमै गर्ने गरिन्छ।

हामीकहाँ खाद्य उद्योग व्यवसायलाई व्यवस्थित उद्योगका रूपमा थालनी गर्ने श्रेय कृष्ण पाउरोटी उद्योग प्रा. लि. लाई जान्छ । सन् १९४९ मा 'कृष्ण पाउरोटी' नामबाट




स्थापित उक्त बेकरी उद्योगमा हाल आधुनिक प्रविधिको प्रयोग र उत्पादित खाद्य वस्तुमा सुन्दर प्याकाजिङ र र्‍यापिङ हुने गर्नाले त्यसको उत्कृष्टता झनै बढेको पाइन्छ । सन् १९८१ मा स्थापित नाङ्लो बेकरी प्रा. लि. ले उत्कृष्ट ढाँचामा र्‍यापिङ तथा प्याकेजिङ गर्ने पद्धतिको थालनी गरेको थियो ।

सन् १९८१ मा स्थापित रिजाल टासी इन्डस्ट्रिजको ड्रक फ्रुट प्रडक्ट्सबाट उत्पादित खाद्य तथा पेय पदार्थका उत्पादनहरू प्याकेजिङ र लेबल डिजाइन पहिलेका तुलनामा हाल निकै उत्कृष्ट देखिन्छन् । सन् १९८३ मा काठमाडौँमा स्थापित नेपाल फुड इन्डस्ट्रिजद्वारा उत्पादित 'टाकुरा' नामका सर्वत तथा जुसहरूको लेबल डिजाइन यस पङ्क्तिकारले गरेको थियो ।

नेपालका उद्योग व्यवसायका क्षेत्रमा केही डिस्टिलरी तथा ब्रुअरी कम्पनीहरूले पनि इतिहास बोकेका छन् । त्यो बेला स्थापित

कतिपय डिस्टिलरीहरू बन्द पनि भइसकेका छन् । तीमध्ये सन् १९६६ मा हेटौँडामा स्थापना भएको नेपाल ब्रुअरी प्रा. लि. नेपालको पहिलो बियर फ्याक्ट्रीका रूपमा चिनिन्छ । त्यस कम्पनीद्वारा उत्पादित 'स्टार गोल्ड बियर' को लेबल डिजाइन सहित छपाइको काम पहिला भारतमा हुने गरिन्थ्यो भने हाल स्वदेशमै सम्पूर्ण काम हुने गर्छ । हाल लोकप्रिय रहेका बियरहरु 'टुबोर्ग', 'सानमिगेल' आदि बियरहरूमा उत्कृष्ट लेबल डिजाइन देख्न सकिन्छ ।

नेपालमा उत्पादित मदिरामध्ये सन् १९७५ मा बालाजुमा स्थापित नेपाल डिस्टिलरी प्रा. लि. द्वारा उत्पादित 'खुकुरी रम' नेपालको पुरानो मदिराका रूपमा चिनिन्छ । यसको डिजाइन तथा छपाइ नेपालमै हुने गर्छ । त्यस्तै जावलाखेल डिस्टिलरीद्वारा उत्पादित 'रूसलान भोड्का', हिमालयन डिस्टिलरी फुड एन्ड बेभरेज प्रा. लि. द्वारा उत्पादित 'रोयल स्ट्याग', 'ब्लेन्डर्स प्राइड' आदि मदिराहरूको




लेबल तथा प्याकाजिङ डिजाइन अन्तर्राष्ट्रिय स्तरका छन् । काठमाडौं उपत्यका बाहिरका डिस्टिलरी उद्योगहरूका उत्पादनमध्ये 'माउन्ट एभरेस्ट ह्विस्कीको लेबल डिजाइन र प्याकेजिङ डिजाइन यस पङ्क्तिकारले बनाएका थिए ।

## उत्पादकीय सामान वा वस्तुका लागि डिजाइनको भूमिका

कुनै पनि उपभोग्य सामान वा वस्तुलाई उपभोक्ताहरू समक्ष पुऱ्याउँदा उत्पादित सामान वा वस्तुको विश्वसनीयता, उत्कृष्टता, शुद्धता आदिको सर्वोपरि महत्त्व रहन्छ नै । यस अतिरिक्त उत्पादित वस्तुका गुण एवम् विशेषताबारे जानकारी वा सन्देशलाई उपभोक्ता माझ प्रसार गर्नका लागि उपयुक्त विज्ञापन, आकर्षक लेबल डिजाइन, कलात्मक तथा सुरक्षित प्याकेजिङ डिजाइन अत्यावश्यक पक्षहरु हुन् । आजको प्रतिस्पर्धात्मक बजारमा यी पक्ष कमजोर हुने बित्तिकै ती वस्तु बजारमा बिक्न गाह्रो पर्छ । तसर्थ उपोभोग्य वस्तुको लेबल र प्याकेजिङ डिजाइनमा निम्नलिखित मूलभूत सिद्धान्तहरूलाई मनन गर्नुपर्ने हुन्छ :

- उत्पादित वस्तुको बनावट र त्यसको गुण तत्त्वलाई सुरक्षित राख्नु
- वातावरणीय तथा वायुवीय सुरक्षा
- सन्देश प्रवाह गर्नु
- बजार लिनु
- टिकाउका लागि सुरक्षित पार्नु
- प्रयोजनमा सुविधाजनक तथा सजिलो, सहज तुल्याउनु




उल्लिखित बुँदाहरूलाई मूर्त रूप दिनमा डिजाइनरको अहं भूमिका रहन्छ । वर्तमान प्रतिस्पर्धात्मक बजारमा प्याकेजिङ डिजाइन कलाको महत्त्वलाई दृष्टिगत गर्दा डिजाइनरहरूका लागि प्याकेजिङ डिजाइनको काम राम्रो व्यवसाय हुन सक्छ ।

References

Production for graphic Designers- Alan pipes

A complete guide to advanced Illustration and Design- Consultant editor Simon Jenning's

http://archive.nepalitimes.com/news.php?id=9060#.W6eckdcza70

https://cheers.com.np/product/khukri-coronation-375ml

http://bossnepal.com/top-group-companies-nepal/

https://www.bloomberg.com/research/stocks/private/snapshot.asp?privcapid=106293462

http://www.nepaldispatch.com/2013/05/government-decides-not-to-revive-janakpur-cigarette-factory/

http://tbinepal.com/article-Nepal%20 Breweries

http://kabranepal.com/history.html

http://bossnepal.com/nebico-private-limited/

http://www.blconglomerate.com/companies/processed-food/pashupati-biscuits-industries/


http://bizznepal.com/index.php/Home/aboutus

http://www.hoovers.com/company-information/cs/company-profile.surya_nepal_pvtltd.68bb143ebcb42b47.html

http://kathmandupost.ekantipur.com/news/2012-11-09/everest-toothpaste-re-launched.html

https://www.structuralgraphics.com/blog/a-brief-history-of-packaging/

https://en.wikipedia.org/wiki/Packaging_and_labeling



***अशोकमान सिं***

*अशोकमान सिं विगत चार दशकदेखि चित्रकला, फोटोग्राफी, ग्राफिक डिजाइन, इलस्ट्रेसन, मुद्रण तथा उत्पादन एवम् प्रकाशन क्षेत्रमा कार्यरत रहँदै आएका छन् ।*

*उनी साहित्य विधामा पनि कलम चलाउँछन्। उनका 'रङ' शीर्षकको अत्यन्त उपयोगी पुस्तकका अतिरिक्त उपन्यास एवम् बाल कथाहरू प्रकाशित छन् । नेपाल सरकारबाट प्रदान गरिने क्षेत्रीय राष्ट्रिय पुरस्कार र नेपाल ललितकला प्रज्ञा (लेखन) पुरस्कारबाट समेत सम्मानित सिंले अन्य विभिन्न पुरस्कार प्राप्त गरिसकेका छन् । हाल उनी सेन्टर फर आर्ट एन्ड डिजाइन, काठमाडौं युनिभर्सिटी र सिर्जना कलेज अफ फाइन आर्ट्समा अध्यापनरत छन् ।*